नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)


प.सं. २०७६/०७७ (योजना तथा अनुगमन) चलानी नं.: ९६२

मितिः- २०७६/०८/१७

विषयः- *निर्देशन कार्यान्वयन एवम् विवरण उपलब्ध गराईदिने वारे ।*

श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री राष्ट्रिय कितावखाना, हरिहरभवन, ललितपुर ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, मिनभवन, काठमाण्डौ ।
श्री समिति/प्रतिष्ठान/आयोजना/कार्यक्रमहरु सवै ।

प्रस्तुत विषयमा सम्माननीय प्रधानमन्त्रीजयूवाट मिति २०७६/०८/०५ मा मन्त्रिपरिषद्को पुनर्गठन पश्चात माननीय मन्त्रीज्यूहरुलाई र २०७६/०८/०९ गते मन्त्रालयहरुको बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको प्रगति वैठकका अवसरमा भएका निर्देशन यसैसाथ संलग्न छ । उक्त निर्देशन कार्यान्वयन गर्नुका साथै नियमित रुपमा प्रगति पठाउने व्यवस्था हुन र तहाँ एवम् अन्तर्गतका निकायहरुवाट विगतमा ठेक्का सम्झौता भई सञ्चालनमा रहेका र सम्पन्न हुन वाँकी रहेका सम्पूर्ण ठेक्का सम्झौताहरुको विवरण यसैसाथ संलग्न ढाँचामा मिति २०७६ मंसिर २२ गतेभित्र अनिवार्य रुपमा आइपुग्न गरी पठाइदिनुहुन निर्देशानुसार अनुरोध छ । साथै उक्त विवरण planning.mofaga@gmail.com मा समेत पठाइदिनुहुन अनुरोध छ ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

*सादर अवगतार्थः*
श्रीमान् सचिवज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

*वोधार्थः*
श्री सूचना तथा प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः मन्त्रालयको Website मा Upload गरिदिनुहुनु ।

**सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले मिति २०७६।०८।०५ मा मन्त्रिपरिषद्को पुनर्गठन पछि माननीय मन्त्रीज्यूहरुलाई र २०७६।०८।०९ गते प्रथम चौमासिक समिक्षा बैठकमा दिनुभएको निर्देशन**

१. समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा हासिल गर्नको लागि हाम्रा सम्पूर्ण प्रयासहरुलाई केन्द्रित गर्ने । नेपाली जनताको जीवनस्तरमा अपेक्षित सुधार ल्याउने, सार्वजनिक सेवा सरल, सहज, समान एवम् न्यायोचित रुपले शीघ्र उपलब्ध गराउने र सर्बसाधारण नेपालीले सम्मानित भएको महसुस हुनेगरी प्रशासनिक काम कारवाहीमा सुधार ल्याई आम जनतामा परिवर्तनको बोध गराउने ।

२. नेपाली अर्थतन्त्रलाई आर्थिक वृद्धि, आर्थिक समृद्धि, आत्मनिर्भर अर्थतन्त्रको रुपमा विकास गरी क्षेत्रीय तथा विश्व अर्थतन्त्रसँग आवद्ध गर्ने गरी आर्थिक सुधार तथा विकास कार्यहरुलाई तीव्रता दिने ।

३. देशभित्रै रोजगारीका अवसरहरु व्यापकरुपमा सिर्जना गर्ने, गरिवी हटाउने, कोही पछाडि नपरोस् र कोही पछाडि नछुटोस् भन्ने तथ्यलाई व्यवहारमा उतार्नका लागि सामाजिक न्याय कायम गर्ने ।

४. मुलुकमा कानूनी राज, सुशासन तथा स्वच्छता कायम हुनेगरी काम गर्ने । कार्य सम्पादन गर्दा कसैको गुनासो नआउने गरी गर्ने । जनता सन्तुष्ट हुनेगरी काम गर्ने । समाजमा सिर्जना हुनसक्ने विभिन्न किसिमका भ्रम, कृत्तिम असन्तुष्टी र विभिन्न किसिमका अफवाहहरुलाई चिर्दै सरकारको छवि उज्वल बनाउने ।

५. नीति कार्यक्रम र बजेटको उद्धेश्य, लक्ष्य र उपलब्धीहरु लागत नबढ्ने एवम् गुणस्तरमा कमी नआउने गरी तोकिएको समयमा सम्पन्न गर्ने । नीति कार्यक्रम र बजेटमा उल्लेख भएका कार्यक्रमहरु कार्यान्वयन नगर्ने तर, नीति कार्यक्रम र बजेटमा नपरेका आयोजनाहरु सुरु गर्न प्रस्ताव गरी गैर बजेटरी खर्च गर्ने तथा स्रोत नै नभइकन स्रोत सुनिश्चितता माग गर्ने जस्ता प्रवृतिहरुलाई पूर्णतया नियन्त्रण गर्ने ।



Scanned with CamScanner

६. पूँजीगत बजेट निर्धारित लक्ष्य र उपलब्धी हासिल हुनेगरी समयमै खर्च गर्ने । बजेटको दुरुपयोगलाई पूर्णतया नियन्त्रण गर्ने । फजूल खर्च रोक्ने ।

७. सबै निकाय र पदाधिकारीले समन्वयात्मक ढंगले काम गर्ने । मन्त्रालयहरुबीच, मन्त्री-मन्त्री वीच, मन्त्री-सचिव वीच र सचिव-विभागीय प्रमुख र विभागीय प्रमुख र आयोजना प्रमुखबीच एउटै बुझाई, एउटै उद्येश्य, एउटै लक्ष्य र जिम्मेवारीका साथ प्रतिवद्ध भई कार्य गर्ने ।

८. संस्थागत हिसावले पनि समन्वय, सहकार्य र सहउपयोगको नीति अनुरुप तालमेल मिलाई पारस्परिक सहयोग र समन्वयबाट कार्यसम्पादन गर्ने । उदाहरणका लागि सडकमा राखिएका पोलहरु एकभन्दा बढी निकायले प्रयोग गर्न सक्छन् । दूरसंचारको टावर पनि एकभन्दा बढी सेवा प्रदायकहरुले प्रयोग गर्न सक्छन् । भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरु विशेष गरी सडक, खानेपानी, ढल निकास, ऊर्जा उत्पादन तथा प्रसारण लाइन, टेलिफोन तारहरु लगायतका कार्यहरु गर्दा आपसी समन्वयमा गर्ने ।

९. कर्मचारी कामकाजी हुने । निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने । आर्थिक अनुशासन र नियन्त्रण कायम राख्ने । छोटो समयमा गुणस्तरीय ढंगले काम सम्पन्न गर्ने । कार्यक्रम स्वीकृती गर्दा, रकम निकासा गर्दा, स्वच्छ रुपले काम गर्ने । आयोजना तथा कार्यक्रमको लागत वृद्धि वा समय वृद्धि हुन नदिने । त्यसरी काम नगर्नेलाई दण्डित गर्ने । राम्रो काम गर्नेलाई प्रोत्साहित गर्ने ।

१०. पूँजीगत बजेट खर्चका हिसाबले पहिलो चौमासिकमा सन्तोषजनक प्रगति भएको छैन । यसलाई मेकअप गर्नेगरी थप प्रयासका साथ काम अघि बढाउने। दोस्रो चौमासिकको अन्त्यसम्मका निर्धारित लक्ष्य हासिल हुनेगरी सो अवधिसम्म पूँजीगत खर्च अनिवार्य रुपमा न्यूनतम ५० प्रतिशत पुर्‍याउने ।

११. दोस्रो चौमासिकको अन्त्यसम्ममा सबै सडकलाई खाल्टाखुल्टी रहित बनाउने । मर्मत सम्भारलाई निरन्तरता दिने । राजधानी नजिकका राजमार्गहरु लगायत देशका विभिन्न भागमा निर्माणाधिन राजमार्गहरुको निर्माणकार्य तोकिएकै समयमा सम्पन्न गर्न विशेष



Scanned with CamScanner

रुपले ध्यान दिने । यस कार्यमा सरकारी पदाधिकारीहरु र निर्माण व्यवसायीहरुलाई किटानीका साथ जिम्मेवार र जवाफदेही बनाउने ।

१२. एउटै निर्माण व्यवसायीले धेरैवटा ठेक्का लिने गरेको पाइएको छ । बोलपत्र मूल्यांकनको क्रममा निर्माण ब्यवसायीको सामर्थ्यको मूल्यांकन गर्दा त्यही एउटा आयोजनाको मात्र नभएर निजले लिएका अरु ठेक्काको संख्या र विगतका ठेक्काको कार्यसम्पादनको स्थितिलाई समेत मूल्यांकनको आधार बनाउने । यसो गरिएमा एउटा ठेक्का अनुसारको काम गर्ने उपकरण आदि सामर्थ्यलाई देखाएर धेरै ठेक्का लिने प्रवृत्तिले प्रश्रय पाउने छैन । गलत तरिकाले वा गलत ब्यवसायीलाई ठेक्का दिने अधिकृतलाई जिम्मेवार बनाउने ।आयोजनामा गुणस्तरीय सामान प्रयोग गरे नगरेको सम्बन्धमा मन्त्रालयले नियमित रुपमा अनुगमन गर्ने ।

१३. आयोजनाको ठेक्का स्वीकृत भएपछि हतार-हतार गरी मोविलाइजेशन पेश्की दिने कार्यलाई बन्द गर्ने । दिनैपर्ने अबस्था रहे स्पष्ट कारण खुलाई, कामको अवस्था हेरी किस्ता-किस्ता गरी प्रगतिको आधारमा बढीमा १० प्रतिशत मात्र दिन सक्ने नीति लिने।आयोजनामा भेरियसन गरी धेरै मूल्य बढाउन नदिने ।

१४. ठेक्कापट्टा गर्ने तर काम नगर्ने प्रवृत्तिको अन्त्य गर्ने । काम समयमा नसकिएका ठेक्काको पुनरावलोकन गर्ने । कुन मितिमा कुन ठेक्का कति अवधिमा सक्ने गरी कुन कम्पनीले लिएको छ । ठेक्का दिने कार्यालय कुन हो ? बैंक ग्यारेन्टी कति राखिएको छ ? पेश्की कति दिइएको छ ? हालसम्म कति रकम भुक्तानी दिइयो ? कति काम भयो ? सार्वजनिक खरिद ऐनको दफा ५९ को उपदफा ८ बमोजिम भएको छ कि छैन ? भएको छैन भने कसको कारणले भएन ? यसको विवरण सबै मन्त्रालय र निकायहरुले तयार गरेर निर्दिष्ट फाराम भरी २०७६ मंसीर २४ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

१५. उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना हुने, आत्मनिर्भर हुने, निर्यात वृद्धि गर्ने, व्यापार घाटा घटाउन मद्दत गर्ने वस्तुको उत्पादनका लागि मात्र अनुदान दिने नीति लिने । अनुदान सही उत्पादकलाई मात्र दिने । फरक-फरक बालीका लागि फरक-फरक प्रतिशतको अनुदान दिने नीति नलिने । अनुदान दिंदा सबैले पाउन



Scanned with CamScanner

सक्ने र प्रतिफलमा आधारित हुने नीति लिने । आवश्यकता अनुसार मूल्य समायोजन गर्ने ।

१६. अनुदान दिइएका रकमको प्रभावकारिता मूल्यांकन गर्ने । त्यसैले विगतमा कसलाई कुन-कुन ठाँउमा कुन कार्यका लागि के-के अनुदान दिइयो ? निजले कति अनुदान पायो ? त्यसको प्रतिफल के आयो ? कति रोजगारी श्रृजना भयो ? उत्पादन तथा उत्पादकत्वमा के प्रभाव पर्यो भन्ने बिषयमा सम्बद्ध सबै मन्त्रालयहरुले विवरण तयार गरी २०७६ पुस ४ गतेभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

१७. उपभोग्य वस्तु आफैं उत्पादन गर्नेतर्फ ध्यान दिऔं । जे उत्पादन गरेपनि ठूलो परिमाणमा उत्पादन गरौं । यसबाट यातायातको विकास र बजार व्यवस्थापन समेत सहज हुन्छ । कृषि बस्तु उत्पादन गर्दा पनि जहाँ जुन बस्तुको उत्पादन बढी हुन्छ त्यहाँ ब्यावसायीकरण गरी ठूलो Volume मा उत्पादन गर्ने नीति लिने । यस्तो गरेमा सो बस्तुको निर्यात गर्ने संभावना हुन्छ । वजारको अभाव हुने देखिदैन । यसले आयात प्रतिस्थापन गर्न पनि मद्दत पुग्दछ ।

१८. पशुहरुको नश्ल सुधार गरी उत्पादन बढाउने कार्यलाई अभियानका रुपमा लैजाने ।

१९. बाँझो खेतवारी र वगरमा हुने वस्तुहरुको उत्पादनमा पनि प्राथमिकता दिने । महिलाहरु सशक्तीकृत हुँदै आउनु भएकाले महिला सहकारीमार्फत अभियानका रुपमा खेतबारी बाँझो रहन नदिन वा बाँझो खेतवारी र वगरमा हुने वस्तुहरुको उत्पादनमा जोडदिने । अर्गानिक खेतिमा बिशेष जोड दिने ।

२०. सार्वजनिक निकायमा जनशक्तिको कमी हुन नदिने । जनशक्तिलाई सक्षम बनाउने । आवश्यक संख्यामा उपयुक्त एवम् सक्षम जनशक्तिको परिचालनमा जोड दिने । कर्मचारीको संख्या मात्र बढाउने होइन उनीहरुलाई क्षमतावान् बनाई कार्यकुशलता बढाउनेतर्फ सबैले ध्यान दिने ।

२१. विकास निर्माण वा जनतालाई सेवा प्रवाह गर्न कुनै कानून नबनेको भनेर रोकिएर नबस्ने । कार्यसम्पादनमा उत्साह साथ लाग्ने ।



Scanned with CamScanner

२२. प्रदेश र स्थानीय तहले विकास निर्माण कार्य गर्न मागेका जग्गा उपलब्ध गराउने एवम् अन्य सहयोग समयमै उपलब्ध गराउने । समन्वयका लागि अन्तर प्रदेश वित्त परिषद् गाउँपालिका र नगरपालिकासम्बन्धी महासंघ वा संघसँग समन्वय गरी केन्द्रका गतिविधिहरुको संप्रेषण र प्रदेश तथा स्थानीय तहको पृष्ठपोषण समेत लिने ब्यबस्था मिलाउने ।

२३. माननीय मन्त्रीज्यूहरुले आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयमा गहिरो अध्ययन गर्ने । नीति कार्यक्रम र बजेटमा के कुरा छ सो हेरी स्पष्ट मार्गचित्र सहित अघि बढ्ने ।

२४. विकास निर्माण कार्यमा जनताको सहयोग र सहभागिता बढाउने । आयोजनाका लागि सरकारलाई जग्गा उपलब्ध गराउँदा अस्वाभाविक रुपमा मुआब्जा माग गर्ने प्रबृत्ति नराख्न जनतालाई बुझाउने ।

# निर्माणाधिन परियोजनाहरुको विवरण

कार्यालय/आयोजनाको नामः

| क्र.स. | परियोजनाको नाम | ठेक्का दिने कार्यालयको नाम | ठेक्का लिने निर्माण कम्पनी | ठेक्का नम्बर | सम्झौता रकम (रु.हजारमा) | सम्झौता मिति | शुरुको म्याद | थप भएको भए हाल कायम भएको म्याद | हाल सम्मको भुक्तानी रकम | हाल सम्मको भौतिक प्रगति | परफरमेन्स ग्यारेण्टीको रकम र जारी गर्ने बैंक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | |

## निर्माणाधिन परियोजनाहरुको विवरण

| भेरिएसन भएको भए प्रतिशत | परफरमेन्स ग्यारेण्टीको म्याद | मोबिलाइजेसन रकम भुक्तानी | हालसम्म फर्छ्यौट भएको मोबिलाइजेसन रकम | मोबिलाइजेसन फिर्ता लिएको भए सो रकम | ठेक्का अवधिमा कार्यरत कर्मचारी | | | खरिद ऐनको दफा ५९(८) बमोजिमको कारबाही भयो वा भएन | यस ठेक्कामा तत्काल गर्नुपर्ने सुझाव | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आयोजना प्रमुख | खरिद इकाई प्रमुख | लेखा प्रमुख | | | |
| १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ |
| | | | | | | | | | | |

प्रमाणित गर्ने अधिकृतको सहीः

नामः

पदः

मितिः

(सम्माननीय प्रधानमन्त्रीज्यूको २०७६/०८/०५ र ०९ को २४ बुंदे निर्देशनबमोजिम अनुदानको प्रभावकारितासम्बन्धी विवरण फाराम)

**मन्त्रालयहरुबाट प्रदान गरिएका अनुदान रकमको प्रभावकारितासम्बन्धी विवरण**

| सि.नं. | अनुदान दिने निकाय | अनुदान पाउने संस्था/व्यक्ति | अनुदान दिएको मिति | अनुदान रकम (रु. लाखमा) | अनुदानको प्रकृति | अनुदानको उदेश्य/प्रयोजन | अनुदानबाट सिर्जना भएको रोजगारी(संख्या) | उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान | अनुदान रकमको समग्र प्रतिफल | अनुदान रकमको प्रभावकारिता मूल्याङ्कनसम्बन्धी सूचना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |